त्रिभुवन विश्तविद्यालय
परीक्षा नियन्त्रण कार्यालय, बल्खु

# ३/४ वर्षे स्नातक तह प्रथम, दोस्रो, तेस्रो र चौथो वर्ष र स्नातकोत्तर तह प्रथम, दोस्रो वर्षको मौका परीक्षा दिने परीक्षार्थीहरुका लागि परीक्षा आवेदन फाराम भर्ने सूचना

त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, बल्खुद्वारा वार्षिक परीक्षा प्रणाली अनुसार २०८१ सालमा संचालन हुने मानविकी, व्यवस्थापन, शिक्षाशास्त्र, कानून संकाय र विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गत ४ वर्षे र ३ वर्षे स्नातक तह प्रथम, द्वितीय, तृतीय र चौथो र स्नातकोत्तर तह प्रथम, दोस्रो वर्षको मौका परीक्षा दिने परीक्षार्थीहरुले आ-आफ्नो क्याम्पसमा मिति २०८१ साल माघ २४ गतेदेखि २०८१ साल फाल्गुण २३ गतेसम्ममा नियमित दस्तुर र साधारण म्याद सकिएको एक हप्ता भित्र दोब्बर दस्तुर सहित आवेदन फाराम भरी बुझाउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## १. परीक्षा आवेदन फाराम सम्बन्धमा :

क) परीक्षा आवेदन फाराम स्वयं विद्यार्थीले भरी सबै प्रक्रिया पुऱ्याई आफैले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ । यसमा अन्यथा हुन गएमा त्रि.वि.प.नि.का.जवाफदेही हुने छैन ।
ख) परीक्षा संचालन अवधिसम्म प्रवेशपत्रको प्रतिलिपि लिन परेमा परीक्षा आवेदन फाराम प्रयोग भए अनुसारको फोटो नै पेश गर्नुपर्नेछ ।
ग) समयसीमा कटेका ३/४ वर्षे स्नातक तहका सम्पूर्ण परीक्षार्थीहरु र २०५६ सालमा भर्ना भई प्रथम पटक प्रथम वर्षको स्नाकतोत्तर तहको परीक्षामा सम्मिलित परीक्षार्थीहरु रहने छन् ।

## २. विषय छनोट सम्बन्धमा :

परीक्षा आवेदन फाराममा त्रि.वि.अन्तर्गतका नियमहरु तथा पाठ्यक्रमले तोके बमोजिम (क्याम्पसले स्वीकृत पाएका विषय मात्र) का विषयहरुमा भर्नु भराउनु पर्नेछ र परीक्षा पनि सोही अनुसार दिनुपर्नेछ । यसमा अन्यथा हुन गई परीक्षा रद्द भएमा वा ट्रान्सक्रिप्ट लिनबाट वञ्चित परीक्षार्थी वा क्याम्पस स्वयं जिम्मेवार हुनु पर्नेछ ।

## ३. परीक्षा आवेदन फाराम भर्दा र भराउँदा अनिवार्य रुपले ध्यान दिनुपर्ने कुराहरु :

क) परीक्षा फाराम भर्दा परीक्षार्थीले प्रथम वर्षमा प्रथम पटक कायम भएको परीक्षाको रोल नं. अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।
ख) परीक्षार्थीहरुले परीक्षा आवेदन फाराममा त्रि.वि.रजिष्ट्रेशन नं. अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।
ग) परीक्षा आवेदन फाराम भर्नको लागि हालसालै खिचेको (साधारण पोशाकमा) पासपोर्ट साईजको २ प्रति फोटो आवश्यक पर्नेछ ।
घ) क्याम्पसका परीक्षार्थीको परीक्षा आवेदन फाराम सम्बन्धित क्याम्पसले यस कार्यालयमा बुझाउनु अगाडि विद्यार्थीले भरेका प्रत्येक परीक्षा आवेदन फाराम र फोटोमा समेत पर्ने गरी क्याम्पस प्रमुखले अनिवार्य रुपमा दस्तखत गर्नु पर्नेछ ।
ङ) परीक्षा अवोदन फाराम क्याम्पसहरुले सम्बन्धित परीक्षा नियन्त्रण कार्यालयमा बुझाउन ल्याउँदा परीक्षार्थीको नामावली सहित विषयगत तथ्याङ्क (Subjectwise data) को समष्टीगत फारामको प्रमाणित एक प्रति Printed copy र Soft Copy समेत अनिवार्य बुझाउनु पर्नेछ ।
च) परीक्षा फारामहरु बुझाउन ल्याउँदा परीक्षा शुल्कको शीर्षक सहित परीक्षार्थीको नामावली बनाई पूर्ण शुल्कको विवरण खुलेको पत्र फाराम साथै सम्वन्धित परीक्षा नियन्त्रण कार्यालयमा बैंक भौचर सहित सर्वप्रथम लेखा शाखामा रुजु गरी फाराम शाखामा बुझाउन पर्नेछ ।
छ) उपत्यका भित्र र उपत्यका बाहिरका सबै क्याम्पसहरुले पहिलो म्याद सकिएको २ दिन भित्र नै परीक्षा दस्तुर बुझाएको बैंक भौचर अनिवार्य रुमपा बुझाउनु पर्नेछ अन्यथा दोव्बर दस्तुर लाग्नेछ ।
ज) दोव्बर दस्तुरको म्याद सकिएको भोलिपल्टै परीक्षा शुल्कको बैंक भौचर बनाई सबै क्याम्पसहरुले २ भित्र उक्त दोव्बर दस्तुरको बैंक भौचर चेक सहित अनिवार्य रुपमा सम्वन्धित परीक्षा नियन्त्रण कार्यालयमा परीक्षा आवेदन फाराम बुझाई सक्नु पर्नेछ ।
झ) परीक्षा फारामहरु बुझाउँदा सम्वन्धित परीक्षा नियन्त्रण कार्यालयमा बैंक भौचर सहित सर्वप्रथम लेखा शाखामा फाराम रुजु गराएर सम्वन्धित शाखामा बुझाउनु पर्नेछ ।

४. प्राईभेट मौका परीक्षा दिने परीक्षार्थीहरुले याद राख्नुपर्ने कुराहरु

क) आफूलाई पायक पर्ने निम्नलिखित त्रि.वि.परीक्षा नियन्त्रण कार्यालयका क्षेत्रीय कार्यालयमा पनि सम्पर्क राखी प्राईभेट परीक्षार्थीहरुले परीक्षा आवेदन फाराम बुझाउन सक्नेछन्।
ख) क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, विराटनगर।
ग) क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, पोखरा।
घ) क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, कोहलपुर बाँके।
ङ) क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, अत्तरिया, कैलाली।

५. परीक्षा शुल्क सम्बन्धमा :

| | |
|---|---|
| क) परीक्षार्थीका लागि प्रति खण्ड शुल्क स्नातक तह | रु.१५००।- |
| ख) परीक्षार्थीका लागि प्रति खण्ड शुल्क स्नातकोत्तर तह | रु.२०००।- |
| ग) परीक्षा आवेदन फाराम शुल्क | रु.१००। |
| घ) परीक्षा केन्द्र शुल्क प्रति खण्ड | रु.१५०।- |
| ङ) प्रयोगात्मक परीक्षा प्रति खण्ड एक विषयका लागि शुल्क | रु.२००।- |
| च) दुई वा सो भन्दा बढी विषयका लागि प्रयोगात्मक परीक्षा शुल्क | रु.३००।- |
| छ) फिल्ड वर्क, टर्म पेपर र प्रोजेक्ट वर्क शुल्क | रु.३००।- |
| ज) शिक्षण अभ्यास शुल्क<br>(रु.३५०।- मध्ये रु.५०।- प.नि.का., बल्खु र रु.१५०।- शिक्षाशास्त्र संकाय, डीनको कार्यालय, र रु.१५०।- सम्वन्धित क्याम्पसको खातामा राख्नुपर्नेछ। | रु.३५०।- |

६. परीक्षा शुल्क बुझाउने सम्बन्धमा :

क) काठमाडौं उपत्यका भित्रका क्याम्पसहरुले त्रि.वि.कीर्तिपुर/बल्खु परिसर भित्र रहेका ग्लोबल आईएमई बैंक लिमिटेडको आम्दानी खाता नं. ०५०१०१००००५०० मा अथवा नेपाल बैंक लिमिटेड आम्दानी खाता नं. ०४५००१०००९९१०८००००००१ मा परीक्षा सम्बन्धी शुल्कहरु जम्मा गरी प.नि.का.को नाममा रकम बुझाएको भौचर परीक्षा आवेदन फाराम साथै अनिवार्य रुपमा बुझाउनु पर्नेछ।

ख) क्षे.प.नि.का.पोखरा क्षेत्रका क्याम्पसहरुले परीक्षा सम्बन्धी सम्पूर्ण शुल्क त्रि.वि.क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, पोखरा स्थित नेपाल बैंक लिमिटेड, बगर शाखाको च.हि.नं ०९१००१०११०१३४००००००१ मा रकम बुझाएको भौचर परीक्षा आवेदन फाराम साथै अनिवार्य रुपमा बुझाउन पर्नेछ।

ग) क्षे.प.नि.का.विराटनगर क्षेत्रका क्याम्पसहरुले परीक्षा सम्बन्धी सम्पूर्ण शुल्क त्रि.वि.क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, विराटनगर स्थित नेपाल बैंक लिमिटेड, बजार अड्डा शाखाको च.हि.नं १००००१००९२२१२००००००१ मा रकम बुझाएको भौचर परीक्षा आवेदन फाराम साथै अनिवार्य रुपमा बुझाउन पर्नेछ।

घ) क्षे.प.नि.का.नेपालगंज क्षेत्रका क्याम्पसहरुले परीक्षा सम्बन्धी सम्पूर्ण शुल्क त्रि.वि.क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, नेपालगंज स्थित ग्लोबल आईएमई बैंक लिमिटेड, त्रिभुवन चोक, बाँके च.हि.नं २१०१०१००००००७६ मा रकम बुझाएको भौचर परीक्षा आवेदन फाराम साथै अनिवार्य रुपमा बुझाउन पर्नेछ।

ङ) क्षे.प.नि.का.अत्तरिया क्षेत्रको हकमा काठमाडौं त्रि.वि.प.नि.का., बल्खुको परिसरमा भित्र रहेको ग्लोबल आईएमई बैंक लिमिटेको आम्दानी खाता नं. ०५०१०१००००५०० मा अथवा नेपाल बैंक लिमिटेड आम्दानी खाता नं. ०४५००१०००९९१०८००००००१ मा परीक्षा सम्बन्धी शुल्कहरु जम्मा गरी प.नि.का.को नाममा रकम बुझाएको भौचर परीक्षा आवेदन फाराम साथै अनिवार्य रुपमा बुझाउनु पर्नेछ।

परीक्षा नियन्त्रक

# शहीद आदर्श क्याम्पस

## मोलुङ २, रामपुर, ओखलढुंगा

**३/४ वर्षे स्नातक तह प्रथम, दोस्रो, तेस्रो र चौथो वर्षको मौका परीक्षा दिने परीक्षार्थीहरुका लागि परीक्षा आवेदन फाराम भर्ने सूचना ॥**

*त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, बल्खुले संचालन गर्ने वार्षिक परीक्षा प्रणाली अनुसार २०८१ सालमा संचालन हुने शिक्षाशास्त्र संकाय अन्तर्गत ४ वर्षे र ३ वर्षे स्नातक तह प्रथम, दोस्रो, तेस्रो र चौथो वर्ष बि.एड. को मौका परीक्षामा सहभागि हुन चाहने परीक्षार्थीहरुले मिति २०८१ साल फाल्गुण २१ भित्र आवेदन फाराम भर्न सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।*

**परीक्षा आवेदन फारम भर्दा आवश्यक कागजपत्र र ध्यान दिनुपर्ने कुराहरू:-**

१.परीक्षा आवेदन फारम स्वयं विद्यार्थीले भरि सबै प्रक्रिया पुर्याइ आफैले क्याम्पसमा बुझाउनुपर्नेछ । यसमा अन्यथा हुन गएमा क्याम्पस जवाफदेही हुने छैन ।

२.हालसालै खिचेको (साधारण पोसाकमा पासपोर्ट साइजको २ प्रति फोटा) ।

३.परीक्षा संचालन अवधि सम्म प्रवेशपत्रको प्रतिलिपि लिन परेमा परीक्षा आवेदन फारममा प्रयोग भए अनुसारको फोटो नै पेश गर्नपर्नेछ ।

४.समयसीमा कटेका ३/४ वर्षे स्नातक तहका सम्पूर्ण परीक्षार्थीहरु परीक्षामा सम्मिलित हुन परीक्षा आवेदन फारम भर्न पाउने छन् ।

५. परीक्षार्थीले प्रथम वर्षमा प्रथम पटक कायम भएको परीक्षा रोल नं. अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

६.त्रि.वि. रजिष्ट्रेशन नं. अनिवार्य उल्लेख गर्नु पर्नेछ ।

७.परीक्षा आवेदन फारम भर्न छुट्न गएमा क्याम्पस जवाफदेही हुने छैन ।

८.तोकिएको परीक्षा शुल्क बुझाउनु पर्नेछ ।

*-अन्य जानकारीको लागी क्याम्पस प्रशासन सर्म्पक राख्नुहोला (९८४२९३१२२० थिर प्रसाद दाहाल) ।*

- क्याम्पस प्रमुख